## अनुसूची-2

## गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन सम्बन्धी कार्यविधि निर्देशिका, 2078

**<u>प्रस्तावना:</u>** सर्वोच्च अदालतमा दर्ता भएका मुद्दाहरूको पेसी चढाउने र पेसी सूची निर्धारण गर्ने प्रक्रिया तथा समग्र पेसी व्यवस्थापनलाई निश्चित मापदण्डमा आधारित, अनुमानयोग्य, पारदर्शी र विश्वसनीय बनाउन तथा पेसी व्यवस्थापन प्रक्रियामार्फत अदालत र न्यायिक काम कारबाहीप्रति जनआस्था अभिवृद्धि गर्न पेसी व्यवस्थापनलाई दीर्घकालीनरूपमा कम्प्युटर प्रणालीमा आधारित स्वचालित पद्धतिमा लैजाने मूल उद्देश्यअनुरूप पेसी व्यवस्थापनमा न्यूनतम मानवीय हस्तक्षेप हुनेगरी गोलाप्रणालीद्वारा पेसी निर्धारण गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १६४ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले यो निर्देशिका बनाई जारी गरेको छ।

### परिच्छेद - १

### <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन सम्बन्धी कार्यविधि निर्देशिका, 2078” रहेको छ।

(२) यो निर्देशिका सर्वोच्च अदालत (दोस्रो संशोधन) नियमावली,२०७८ लागू भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क)“नियमावली” भन्नाले सर्वोच्च अदालत नियमावली, २०७४ सम्झनु पर्छ।

(ख) “पेसी व्यवस्थापन” भन्नाले मुद्दाको पेसी चढाउने, साप्ताहिक पेसी सूची प्रकाशन गर्ने, पूरक पेसी सूची तयार गर्ने, मुद्दा सुनुवाइका लागि इजलास गठन गर्ने र दैनिक पेसी सूची निर्धारण तथा प्रकाशन गर्ने कार्यलाई सम्झनुपर्छ।

(ग) “समिति” भन्नाले नियमावलीको नियम 110ख. बमोजिम गठित पेसी व्यवस्थापन निर्देशन समिति सम्झनु पर्छ।

(घ) “महाशाखा” भन्नाले मुद्दा तथा रिट महाशाखालाई जनाउनेछ।

## परिच्छेद - २

## पेसी सूची तयारी

3. **मुद्दा पेसी चढाउने कार्यः** (1) मुद्दामा अङ्ग पुगेपछि सम्बन्धित फाँटवालाले मुद्दा सुनुवाइका लागि पेसी तोक्नेछ।

(2) उपदफा (१) बमोजिम पेसी तोक्दा मुद्दाको प्रकृति, दर्ता मिति, कार्यबोझ, प्राथमिकता समेतलाई विचार गरी मुद्दा महाशाखाबाट निर्धारित पेसी संख्या (कोटा) का आधारमा तोकिनेछ।

(3) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुनुवाइका लागि इजलाससमक्ष पेस भई सुनुवाइ हुन नसकेका दर्ता मितिका आधारमा पाँच वर्ष नाघेका मुद्दालाई कम्तीमा एक महिनाभित्र पुनः पेसी चढाउनु पर्नेछ।

(4) महाशाखाले समितिले निर्धारण गरेको मापदण्डबमोजिम पेसी संख्या निर्धारण गर्नेछ।

(5) पेसी चढाउँदा सम्बन्धित अधिकृतले सुनुवाइका लागि अङ्ग पुगेको भनी प्रमाणित गरेका मुद्दा मात्र पेसी चढाउनेछ।

4. **साप्ताहिक पेसी सूची प्रकाशनः** (१) आगामी हप्ताको लागि पेसीको तारेख तोकिएको मुद्दाको सम्पूर्ण विवरणसहितको सूची महाशाखा प्रमुखले बुधबारसम्म तयार गरी मुख्य रजिस्ट्रारसमक्ष पेस गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेसीको विवरण पेस गर्दा समितिले निर्धारण गरेअनुरूप पेसी चढाएका मुद्दालाई विषयगत आधारमा आवश्यक समूहमा समूहकृत गर्नेछ।

(३) समितिले आवश्यक देखेमा हप्ताको कुनै खास बार खास प्रकृतिका वा ५ वर्ष पुराना मुद्दा मात्र हेर्ने गरी पेसी तोक्ने वा साप्ताहिक पेसी सूची तयार गर्न निर्देशन दिन सक्नेछ।

स्पष्टिकरणः उदाहरणको लागि आइतबार सबै इजलासले थुनुवाका मुद्दामा, सोमबार देवानी पुनरावेदनमा, मंगलबार रिट निवेदनमा मात्र सुनुवाइ गर्ने गरी व्यवस्थापन गर्न सकिनेछ।

(4) मुख्य रजिस्ट्रारले साप्ताहिक पेसी सूची प्रकाशन गर्दा प्रत्येक समूहमा आवश्यक सङ्ख्यामा मुद्दा रहने गरी सुनुवाइको प्राथमिकताक्रम अनुसार समूहकृत गरी प्रत्येक समूहलाई छुट्टाछुट्टै सङ्केताङ्क र क्रमसङ्ख्यासहित प्रकाशन गर्नेछ।

(5) साप्ताहिक पेसी सूचीमा मुद्दाको प्राथमिकता र दर्ता क्रमका आधारमा प्रत्येक मुद्दाको सुनुवाइको क्रम १ बाट क्रमशः २, ३, ४ हुँदै राखिनेछ र प्रत्येक समूहलाई 'क', 'ख', 'ग' गरी वर्णमालाको व्यञ्जन अक्षरबाट संकेत गरिनेछ। पूर्ण इजलासको पेसी सूचीलाई पूर्ण १, पूर्ण २ गरी क्रमश: राखिनेछ।

(6) महाशाखाले मुख्य रजिस्ट्रारसमक्ष पेस गरेको मुद्दाको कुनै समूहमा एक दिनमा एक इजलासले हेर्न नसकिने संख्याका मुद्दा भएमा मुख्य रजिस्ट्रारले मुद्दा संख्याको आधारमा जति समूह बनाउनु पर्ने हो सो बमोजिम समूह बनाउन सक्नेछ।

<u>स्पष्टिकरण:</u> यस उपदफाको प्रयोजनको लागि एउटा समूहको मुद्दालाई दुई वा सोभन्दा बढी समूह बनाउनु पर्ने भएमा महाशाखा प्रमुखले पेस गरेको सूचीको क्रम संख्याका आधारमा जोर बिजोर (even odd) क्रम संख्यामा परेका मुद्दाबाट एउटा समूह निर्माण गर्नु पर्नेछ। तीन वा सोभन्दा बढी समूह बनाउनु परेमा पेस भई आएको सूचीको क्रमसङ्ख्याको नियमित अन्तराल (regular interval) का आधारमा समूह निर्माण गर्नु पर्नेछ।

(7) कुनै समूहमा सुनुवाइका लागि तोकिएका मुद्दा संख्या भन्दा बढी भई साप्ताहिक पेसी सूचीमा नै स्थगित गर्नुपर्ने भएमा दर्ता मितिका आधारमा नयाँ र प्राथमिकता वा अग्राधिकार प्राप्त नभएका मुद्दालाई पेसी सूचीबाट स्थगित गर्न सकिनेछ।

(8) महाशाखा प्रमुखले साप्ताहिक पेसी सूची प्रकाशनको लागि मुख्य रजिस्ट्रार समक्ष मुद्दाको विवरण पेस गर्दा साधक (RC), मुद्दा दोहोऱ्याई हेरी पाउँ भन्ने निवेदन (RI), पुनरावलोकनका निवेदन (RV), पुनरावेदन गर्ने अनुमति पाउँ भन्ने निवेदन (LE), मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ र मुलुकी देवानी कार्यविधि संहिता, 2074 को दफा 157 बमोजिमका प्रतिवेदन (RE) समेतलाई साप्ताहिक पेसी सूचीमा नै प्रकाशन हुने गरी समावेश गर्नु पर्नेछ। सो मुद्दा वा निवेदनहरूलाई आवश्यक्ता अनुसार छुट्टै सूचीमा वा अन्य मुद्दासँगैको पेसी सूचीमा प्रकाशन गर्न सकिनेछ।

(9) उपदफा (4) बमोजिम साप्ताहिक पेसी सूची प्रकाशनको लागि समूह बनाउँदा संवैधानिक वा बृहत् पूर्ण/पूर्ण इजलास लाग्ने दिन तथा उक्त दिन अदालतमा उपस्थित हुने न्यायाधीशको संख्या समेतलाई विचार गरी मुद्दाको प्रकृति हेरी प्रत्येक दिनका लागि फरक फरक संख्यामा मुद्दाको समूह बनाई प्रकाशन गर्न सकिनेछ।

(10) मुख्य रजिस्ट्रारले मुद्दाको साप्ताहिक पेसी सूची प्रकाशन गर्दा प्रत्येक हप्ताको शुक्रबार आगामी हप्ता मुद्दा सुनुवाइका लागि पेस हुने सबै मुद्दाको सूची प्रकाशन गर्नेछ।

तर कुनै हप्ताको शुक्रबार बिदा परे सो अगावै अदालत खुलेको हप्ताको अन्तिम दिन आगामी हप्ताको लागि साप्ताहिक पेसी सूची प्रकाशन गर्नेछ।

5. **पूरक पेसी सूची:** (१) साप्ताहिक पेसी सूचीमा नचढेका तर इजलाससमक्ष सुनुवाइका लागि पेस हुनुपर्ने मुद्दा वा निवेदनहरू महाशाखा प्रमुखले सामान्यतया सुनुवाइको अघिल्लो दिन अपरान्ह तीन बजेभित्र मुख्य रजिस्ट्रारसमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (1) बमोजिम पेस गरिने पूरक पेसी सूचीमा सामान्यतया देहायका मुद्दा तथा निवेदनहरू पेस गरिनेछ:-

(क) नियमावलीको नियम 25 बमोजिम एक न्यायाधीशको इजलासमा पेस हुने मुद्दा वा निवेदन,

(ख) नियमावलीको नियम ७६ को उपनियम (५) को देहाय (क) मा उल्लिखित निवेदन वा मुद्दामध्ये साधकबाहेकका अन्य निवेदन र मुद्दा,

(ग) बन्दीप्रत्यक्षीकरणको निवेदन, हेर्दाहेर्दैको मुद्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, 2074 को दफा 73 र मुलुकी देवानी कार्यविधि संहिता, 2074 को दफा 157 बमोजिम दायर भएका निवेदन, अन्तरिम आदेश सम्बन्धी निवेदन, अन्तरकालिन आदेश सम्बन्धी निवेदन, अन्तरिम आदेश र अन्तरकालिन आदेश खारेज गरी पाऊँ भन्ने निवेदन, अदालती दस्तुरको सुविधा पाऊँ भन्ने निवेदन, मुख्य रजिस्ट्रार वा रजिस्ट्रारको आदेश उपरको निवेदन र इजलासबाट सुनुवाइको मिति तोकिएको मुद्दा,

(घ) नियमवालीको नियम 59 बमोजिम अदालतको अवहेलना सम्बन्धी मुद्दाको प्रारम्भिक सुनुवाइका लागि पेस हुने निवेदन।

(3) एक न्यायाधीशको इजलासबाट सुनुवाइ गरिने निवेदनहरू सामान्यतया बीस थानसम्म भए एउटै समूहमा र सो भन्दा बढी भए दुई समूहमा समूहकृत गर्नुपर्नेछ। यसरी दुई समूह बनाउनुपर्ने अवस्थामा दर्ताक्रमका आधारमा बनाइनेछ।

(4) मुख्य रजिस्ट्रारले पूरक पेसी सूचीलाई समूहकृत गर्दा एक न्यायाधीशको इजलासले हेर्ने मुद्दाको पेसी सूचीको समूहलाई 'अ' 'आ' गरी र संयुक्त इजलासले हेर्ने मुद्दाको पेसी सूचीलाई साप्ताहिक पेसी सूचीमा परेका संकेत/अक्षर भन्दा फरक संकेत/अक्षर दिई तयार गर्नेछ।

## परिच्छेद - ४

## दैनिक पेसी सूची

6. **दैनिक पेसी सूची निर्धारण:** (१) साप्ताहिक र पूरक पेसी सूचीबाट समूहकृत भएका मुद्दाका सूची समूह मध्ये प्रत्येक दिन मुद्दा सुनुवाइका लागि इजलास गठन र मुद्दा सूचीको निर्धारण गोला प्रक्रियाद्वारा गरिनेछ।

(2) उपदफा (१) बमोजिम इजलास गठन र पेसी सूची निर्धारण गर्न मुख्य रजिस्ट्रारले साप्ताहिक पेसी सूचीबाट पेस भई आएका मुद्दा समूह र पूरक पेसी सूचीमा रहेका मुद्दा तथा निवेदनहरूलाई समूहकृत गरी सो दिन गठन हुन सक्ने जम्मा इजलास संख्या बारे प्रधान न्यायाधीश र न्यायाधीशहरूलाई जानकारी गराउनुपर्नेछ।

(३) प्रत्येक दिन बिहान १०:00 बजे प्रधान न्यायाधीश, न्यायाधीश, मुख्य रजिस्ट्रार एवम् मुद्दा व्यवस्थापनमा संलग्न कर्मचारी र सूचना प्रविधि प्राविधिकको उपस्थितिमा गोला प्रक्रियाद्वारा इजलास गठन र दैनिक पेसी सूची निर्धारणको कार्य प्रारम्भ गरिनेछ।

## परिच्छेद - ५

## इजलास गठन तथा पेसी सूची निर्धारण सम्बन्धी कार्यविधि

7. **गोला तान्ने प्रक्रिया:** (१) प्रत्येक दिनका लागि साप्ताहिक तथा पूरक पेसी सूचीमा समावेश भएका तथा भैपरी आउने मुद्दाहरूको सुनुवाइका लागि गोला प्रक्रियाद्वारा बृहत् पूर्ण/पूर्ण, एक न्यायाधीशको इजलास र संयुक्त इजलास गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गोला तान्ने प्रयोजनका लागि समान रूप, रङ्ग, आकार र बनोटका गोटी प्रयोग गरिनेछ।

(३) उपदफा (२) बमोजिम गोला तान्ने प्रयोजनका लागि गोटीलाई एक अपारदर्शी थैलीमा राखिनेछ।

(४) उपदफा (१) को प्रयोजनको लागि सामान्यतया प्रधान न्यायाधीश र न्यायाधीशहरूले वरिष्ठताका आधारमा क्रमशः सबै न्यायाधीशले एक एकवटा गोटी तान्नुपर्नेछ।

(५) उपदफा (4) बमोजिम तानिएको गोटी सम्बन्धित न्यायाधीशले सबैलाई देखाई गोटीको सङ्केताङ्क प्रष्ट बुझिने गरी सुनाउनु पर्नेछ। सोको अभिलेख आन्तरिक कम्प्युटर सञ्जालमा समेत राखिनेछ।

(६) पेसी व्यवस्थापन कार्यमा खटिएका कर्मचारी वा सूचना प्राविधिकले सम्बन्धित न्यायाधीशले तानेको गोटीबमोजिम कम्प्युटर सफ्टवेयरमा क्रमशः इजलास गठन हुने गरी प्रविष्ट गर्नुपर्नेछ।

(७) गोला प्रक्रियाद्वारा इजलास गठन गर्दा क्रमशः बृहत् पूर्ण वा पूर्ण, एक न्यायाधीशको इजलास र संयुक्त इजलास गठन हुने गरी प्राथमिकता निर्धारण गरिनेछ। यस प्रयोजनका लागि छुट्टाछुट्टै थैली र गोटीको व्यवस्था गरिनेछ।

(८) कुनै कारणवश कुनै ईजलासमा सहभागी हुन नसक्ने अवस्थामा बाहेक प्रधान न्यायाधीश वा न्यायाधीश गोला प्रकृयामा सहभागी हुनेछन्।

८. **<u>बृहत पूर्ण वा पूर्ण इजलास:</u>** (१) पूर्ण इजलास गठनका लागि अलग्गै थैली र गोटी हुनेछ।

(२) पूर्ण इजलास गठनका लागि सो दिन उपस्थित भएका न्यायाधीशको संख्या बराबरको गोटी थैलीमा राखिनेछ।

<u>स्पष्टिकरण:</u> उदाहरणको लागि कुनै दिन १८ जना न्यायाधीश उपस्थित रहेमा १ देखि १८ अङ्कसम्म अङ्कित गोटी थैलीमा राखिनेछ।

(३) उपदफा (2) बमोजिम गोटी तान्दा उपस्थित न्यायाधीशहरूद्वारा वरिष्ठताका आधारमा तानिनेछ।

(४) बृहत् पूर्ण इजलास गठन गर्नुपर्ने भएमा जति सदस्यीय इजलास गठन हुने हो क्रमशः १ देखि सो संख्यासम्म अङ्कित गोटी तान्ने न्यायाधीशको इजलास गठन हुनेछ।

(५) एकमात्र पूर्ण इजलास गठन गर्नुपर्ने भएमा १ देखि ३ अङ्कित गोटी तान्ने, दुईवटा पूर्ण इजलास गठन गर्नुपर्ने भएमा ४ देखि ६ अङ्कित गोटी तान्ने न्यायाधीशको पूर्ण इजलास गठन हुनेछ। बृहत् पूर्ण इजलास पनि सोही दिन गठन गर्नुपर्ने रहेछ भने १ देखि ५ अङ्कित गोटी तान्ने न्यायाधीशको बृहत् पूर्ण इजलास गठन भइसकेपछि क्रमशः पहिलो तीन अर्थात् ६, ७, ८ अङ्कित गोटी तान्ने न्यायाधीश पूर्ण इजलासमा रहने छन्। 5 भन्दा धेरै न्यायाधीशको बृहत् पूर्ण इजलास गठन गर्नुपर्ने भएमा वा धेरै संख्यामा पूर्ण इजलास गठन गर्नुपर्ने भएमा यही क्रमले गठन हुनेछ।

९. **एक न्यायाधीशको इजलास**: (१) पूर्ण इजलास भएको दिनमा पूर्ण इजलासका लागि गोला तान्ने कार्य समाप्त भएपछि एक न्यायाधीशको इजलासको लागि गोला तानिनेछ। पूर्ण इजलास नभएको दिनमा एक न्यायाधीशको इजलासको लागि गोला तानेपछि मात्र संयुक्त इजलास गठन हुनेछ।

(2) बृहत् पूर्ण वा पूर्ण इजलासमा संलग्न हुने न्यायाधीशबाहेक अन्य न्यायाधीशद्वारा एक न्यायाधीशको इजलासका लागि गोटी तानिनेछ।

(3) उपदफा (2) को प्रयोजनको लागि थैलीमा एक न्यायाधीशले हेर्ने पेसी सूची अन्तर्गतका 'अ' र 'आ' अङ्कित २ गोटी र बाँकी अन्य न्यायाधीशको संख्या बराबर हुने गरी खाली गोटी राखिनेछ।

(4) एक न्यायाधीशको इजलासका लागि गोटी तान्नु अघि संयुक्त इजलास गठनका लागि उपलब्ध न्यायाधीश संख्या विचार गरी संयुक्त इजलासका लागि जोर संख्याका न्यायाधीश बाँकी रहने गरी एक न्यायाधीशको इजलासका लागि एक वा दुई इजलासको लागि गोटी तानिनेछ।

(5) यस दफाबमोजिम एक न्यायाधीशको इजलास गठन गर्दा कुनै दिन एक मात्र इजलास गठन हुने भएमा पहिलो गोटी 'अ' वा 'आ' जे आउँछ सोही समूहको मुद्दा सुनुवाइ गरी अर्को समूह स्थगित राखिनेछ।

१०. **<u>संयुक्त इजलास</u>**: (१) बृहत् पूर्ण वा पूर्ण र एक न्यायाधीशको इजलास गठन भइसकेपछि उपलब्ध हुनसक्ने जोर संख्याका बाँकी न्यायाधीशमध्ये वरिष्ठताका क्रममा स्थायी इजलास पाउन सक्ने न्यायाधीशको संख्या यकिन गरेर संयुक्त इजलास गठन कार्य प्रारम्भ गरिनेछ।

(2) उपदफा (1) को प्रयोजनको लागि वरिष्ठताको क्रमसंख्या जनिने संख्या अङ्कित गोटी थैलीमा राखिनेछ।

(3) उपदफा (2) को प्रयोजनको लागि जोर गते भए स्थायी इजलास नपाउने न्यायाधीशको वरिष्ठता अङ्कित गोटी थैलीमा राखी स्थायी इजलास पाउने न्यायाधीशले गोटी तान्नेछन्। विजोर गते भए स्थायी इजलास पाउने न्यायाधीशको वरिष्ठता अङ्कित गोटी थैलीमा राखी स्थायी इजलास नपाउने न्यायाधीशले गोटी तान्नेछन्।

(4) थैलीबाट क्रमशः गोटी तान्दा जुन संख्या अङ्कित गोटी पर्छ त्यसरी गोटी तान्ने न्यायाधीश र गोटीमा अङ्कित संख्यामा वरिष्ठता इङ्कित गर्ने न्यायाधीशको इजलास गठन हुनेछ।

(5) इजलास गठन भएपछि सम्बन्धित इजलासमा रहने न्यायाधीशमध्ये कुनै एक न्यायाधीशले सो दिन सुनुवाइ गरिने मुद्दा समूहको गोला तान्नु पर्नेछ।

(6) यसरी मुद्दा सूचीका लागि गोला तान्दा मुद्दा सूची जति छन् त्यति संख्याका क्रमशः 'क', 'ख' अक्षर अङ्कित गोटी राखिनेछ। जुन इजलासका तर्फबाट गोटी तान्दा जुन अक्षर आउँछ उक्त इजलासले सोही समूहको मुद्दाको सुनुवाइ गर्नेछ।

(7) उपलब्ध हुने न्यायाधीशभन्दा साप्ताहिक सूचीको समूह बढी भएमा थैलीमा बाँकी रहेको समूहको पेसी सूची स्थगित गरिनेछ।

(8) इजलास कक्ष निर्धारण गर्दा न्यायाधीशहरूको वरिष्ठता क्रमअनुसार निर्धारण गर्नुपर्नेछ।

11. **<u>दैनिक पेसी सूची सम्बन्धी थप व्यवस्था</u>**: (1) कुनै मुद्दा हेर्दाहेर्दै रही हेर्दाहेर्दैको पेसी सूची प्रकाशन गर्नुपर्ने भएमा सो इजलास संयुक्त वा पूर्ण जे हो सो स्वतः गठन भएको मानिनेछ। उक्त इजलासमा संलग्न न्यायाधीशहरूलाई बाहेक गरी अन्य न्यायाधीशहरूबाट मात्र इजलास गठनका लागि गोला तानिनेछ।

(2) निर्णय सुनाउने मुद्दाको सुनुवाइ सूचीमा कुनै मुद्दा निर्णय सुनाउने पेसी तोकिएकोमा इजलास गठन गर्दा सम्बन्धित न्यायाधीशको फरक फरक इजलास गठन

SUPREME COURT OF NEPAL

हुन गएमा निर्णय सुनाउन तोकिएको मुद्दाको मात्र सम्बन्धित न्यायाधीशको छुट्टै इजलास गठन हुनेछ।

(3) दैनिक रूपमा भैपरी आउने मुद्दा तथा निवेदनको व्यवस्थापनको लागि बृहत् वा पूर्ण इजलासको हकमा पूर्ण १ तथा संयुक्त इजलासको हकमा जुन न्यायाधीशको समूहले 'क' समूहको गोला तान्छ सोही इजलासले र एक न्यायाधीशको इजलासको हकमा 'अ' समूहको गोला पर्ने न्यायाधीशले भैपरी आउने मुद्दा तथा निवेदनको सुनुवाइ गर्नेछ। समूह 'क' वा 'अ' स्थगित हुने सूचीमा परेमा समूह 'ख' वा 'आ' ले त्यस्ता मुद्दा वा निवेदनको सुनुवाइ गर्नेछ।

## परिच्छेद - ६

## दैनिक मुद्दा पेसी सूची प्रकाशन

12. **गोला प्रक्रियाद्वारा निर्धारित पेसी सूची:** (१) गोला प्रक्रियाद्वारा निर्धारित पेसी सूची तत्काले कम्प्युटर सफ्टवेयरमा प्रविष्ट गरी गराई पेसी सूचीको आधिकारिता प्रमाणित हुने कम्प्युटर सृजित विशेष नम्बर, चिन्ह, सङ्केत (water mark) अङ्कित भई तत्काल (१०:३० बजेभित्र) वेबसाइटमा प्रकाशित (upload) गरिनेछ।

(२) यसरी निर्धारित पेसी सूची अदालतको वेबसाइटमार्फत सम्बन्धित सबै सरोकारवालाले हेर्नसक्ने व्यवस्था मिलाइनेछ।

(३) सम्बन्धित न्यायाधीशको सचिवालयले विशेष चिन्ह वा watermark अंकित पेसी सूची प्रिन्ट गरी न्यायाधीशलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद - ७

## विविध

13. **निर्देशिकाको पालना:** यो निर्देशिकाको पालना गर्नु, गराउनु न्यायाधीश, मुद्दा व्यवस्थापनमा संलग्न कर्मचारी, सूचना प्रविधि प्राविधिक, सरकारी वकील, कानून व्यवसायी, मुद्दाका पक्ष एवम् सरोकारवाला सबैको दायित्व हुनेछ।

14. **संशोधन:** यो निर्देशिका कार्यान्वयन गर्दा केही कुरा संशोधन गर्नुपरे पेसी व्यवस्थापन निर्देशन समितिले गर्नेछ।